**श्रीमान सभाध्यक्ष ज्यु**

अब म आगामी आ.व ०८०/०८१ मा विभिन्न विषयगत क्षेत्र संग सम्पन्धित मुख्य-मुख्य कार्यक्रमहरु यस सम्मानित सभालाई जानकारी गराउन चाहान्छु |

## १. भौतिक पूर्वाधार विकास तर्फः

- ❖ गाउँपालिकाको प्रशासनिक भवन विस्तारको लागि रु. ८० लाख विनियोजन गरेकी छु |
- ❖ गाउँपालिकाको केन्द्र पुलुमा संचालित स्वास्थ्य चौकीको भवन निर्माणको लागि नेपाल सरकारको विशेष अनुदान बाट रु. ७० लाख विनियोजन गरेकी छु |
- ❖ गाउँपालिकाको एक मात्र नमुना विद्यालय श्री बुद्ध मा.वि मांग्रीको नमुना विद्यालयको भौतिक पूर्वाधार निर्माणको लागि नेपाल सरकारको शसर्त अनुदान बाट रु. १ करोड विनियोजन गरेकिछु |
- ❖ झोलुंगे पुल निर्माणको लागि संघीय सशर्त अनुदान बाट रु. ४९ लाख विनियोजन भएको छ |
- ❖ गाउँपालिका भित्रका तथा ग्रामिण बाटोहरुको निर्माण तथा स्तरोन्नतिका लागि रु. १ करोड बिस लाख विनियोजन गरेकी छु|
- ❖ पुलुमा सामुदायिक भवन निर्माणको लागि रु . २० लाख विनियोजन गरिएको छ |
- ❖ काउला पानि देखि गलथाप्ला सम्म कृषि सडक निर्माणको लागि रु २० लाख विनियोजन गरिएको छ |
- ❖ वडा नं ४ को भवन निर्माणको लागि रु. २० लाख विनियोजन गरिएको छ |
- ❖ ताखा खारीको आवधिक जग्गा घेरवारको लागि रु. २० लाख विनियोजन गरिएको छ |

## २. बिपत व्यवस्थापन तथा वातावरण तर्फ

- ❖ स्थानीय विपत् व्यवस्थापनकोष को लागि रु १० लाख विनियोजन गरेकी छु |
- ❖ विभिन्न जोखिमपूर्ण ठाउँहरु मा तटबन्धन निर्माणको लागि NCCSP-II मार्फत रु. २५ लाख विनियोजन भएको छ।
- ❖ सडक विस्तारको कार्यको लागि अत्यावाश्यक वातावरणीय प्रभाव मुल्यांकन (EIA) गर्नको रु. १५ लाख विनियोजन गरेकी छु |

## ३. शिक्षा युवा तथा खेलकुद तर्फ

- ❖ शैक्षिक गुणस्तर प्रवर्दन तथा गाउँपालिका क्षेत्र भित्रको शिक्षक तथा स.का को न्यून दरबन्दी लाई मध्यनजर गरि जनशक्ति व्यवस्थापनका लागि रु. २६ लाख विनियोजन गरेकी छु |
- ❖ आवाशीय विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि आवाशिय छात्रवृत्ति तथा अन्य सम्पूर्ण विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि गैह्रआवाशीय छात्रवृतिको लागि संघीय सरकारबाट रु १ करोड ६४ लाख विनियोजन गरिएको छ |

- ❖ कर्णाली प्रदेश सरकार बाट श्रोत व्यहोरिने गरि आवाशीय विद्यालयको लागि फर्निचर निर्माण को लागि रु. १५ लाख विनियोजन गरिएको छ |
- ❖ उत्प्रेरित शिक्षक, जागरुक अभिभावक कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेकी छु |
- ❖ गा.पा अन्तर्गत वडा नं ३ ताखामा हाल संचालित आवासीय विधालयलाई माध्यमिक विद्यालयको रुपमा विस्तार गरि प्रभावकारी सन्चालन र व्यवस्थापनका लागि रु. १२ लाख विनियोजन गरेकि छु |

## ४. स्वाथ्य तथा आयुर्वेद तर्फ

- ❖ नेपाल सरकार बाट सुचिकृत भएका नि:शुल्क तथा अत्यावाश्यक औषधि हरुको सहज उपलब्धताका लागि रु. १५ लाख विनियोजन गरेकी छु |
- ❖ आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चितताका लागि जनशक्ति व्यवस्थापन गर्न रु . ५५ लाख विनियोजन गरिकी छु |
- ❖ चीतैकुनामा घुम्ती स्वास्थ्य सेवाको लागि सामुदायिक भवन निर्माण को लागि रु २० लाख विनियोजन गरिएको छ |
- ❖ स्वास्थ्यचौकी मांग्री को भवन निर्माण को लागि रु. २० लाख विनियोजन गरिएको छ |
- ❖ पांपू मा स्वास्थ्य चौकी भवन निर्माणको लागि रु. ४० लाख विनियोजन गरिएको छ |
- ❖ स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी हरुको क्षमता विकास, स्वास्थ्य शिविर तथा प्रशासनिक कार्य संचालनको लागि रु. १० लाख विनियोजन गरेकी छु |
- ❖ गाउँपालिकामा आयुर्वेदिक उपचार तथा औषधीको प्रवर्दनको लागि आवश्यक बजेट व्यवस्थापन गरेकी छु |
- ❖ रिउस बगरमा निर्माणाधीन १० शैयाको अस्पताल को निर्माणको लागि संघीय सरकार बाट भार व्यहोरिने गरि रु. ४९ लाख विनियोजन गरिएको छ |

## ५. पर्यटन तथा भाषा संस्कृति तर्फ

- ❖ गाउँपालिकाको पर्यटन सुचना बोर्ड स्थापना तथा डकुमेन्ट्री निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेकी छु |
- ❖ पर्यटन क्षेत्रको विकासको लागि श्रोत र बजारको पहिचान र प्रवर्दन तथा संरक्षणको लागि मुगुम कार्मारोङको प्रज्ञाप्रतिष्ठानको संरचनागत सुरुवातको लागि रु. ६ लाख विनियोजन गरेकी छु |
- ❖ दुंगेधारा देखि रोंङ्बुक सम्म पर्यटकीय पदमार्ग निर्माणको लागि रु. २० लाख विनियोजन गरिएको छ |
- ❖ मुगुमा आगलागी भएको गुम्बा पुननिर्माणको लागि रु १५ लाख विनियोजन गरिएको छ |
- ❖ बुद्ध पार्क घेरवारको लागि रु. २० लाख विनियोजन गरिएको छ |
- ❖ नाचिन तिर्थस्थलमा धर्मशाला निर्माणको लागि रु. २० लाख विनियोजन गरिएको छ |

## ६. कृषि तथा पशु पंक्षी तर्फ

- ❖ स्थानीय उत्पादनको प्रवर्दन तथा कृषक हरुलाई प्रोत्साहनका लागि विउं पुँजी (Seed Money) उपलब्ध गराउनको लागि आवश्यक बजेट व्यवस्थापन गरेकी छु ।
- ❖ वास्तविकरुपमा कृषि उत्पादन गर्ने किसानहरुको सूचीकरण तथा वर्गीकरण आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।
- ❖ किसानहरु लाई उत्पादनमा उत्प्रेरित गर्न मौसमी तथा बेमौसमी विउविजन तथा किटनाशक औषधी खरिद तथा वितरणको लागि रु. ७ लाख विनियोजन गरेकी छु
- ❖ मुगुम कार्मारोङ पालिकाक्षेत्र भित्रका पशु चौपायाको औषधी उपचार तथा महामारी रोग नियन्त्रणका लागि रु. १० लाख विनियोजन गरेकी छु ।
- ❖ आलु तथा सिमि पकेट विकास कार्यक्रमको निरन्तरता तथा विस्तारका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।
- ❖ गाउँपालिकाको सम्भावना र विशिष्ट पहिचानको रुपमा रहेको चौरी ब्यबसाय प्रवर्दनका लागि संघीय सशर्त अनुदान बाट रु १० लाख विनियोजन गरिएको छ।

## ७. रोजगारी सृजना

- ❖ दक्ष जनशक्ति उत्पादनको लागि उपयुक्त श्रमिकहरु छनौट गरि सिकर्मी/डकर्मी तालिम संचालन तथा रोजगारमुखी कृयाकलाप संचालनको लागि उपाध्यक्ष रोजगार कार्यक्रम मार्फत आवश्यक बजेट विनियोजन गरिएको छ।
- ❖ गाउँपालिकाको श्रम बैंकमा सुचिकृत बेरोजगार व्यक्ति हरुलाई वर्षमा कम्तिमा १८० दिन रोजगारीको सुनिस्चितताको लागि गाउँपालिका अध्यक्ष रोजगार कार्यक्रम तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।
- ❖ नयाँ लघु उद्यमी सृजना तथा प्रविधि हस्तान्तरणको लागि रु. ३५ लाख विनियोजन गरिएको छ।

## ८. सामाजिक विकास तर्फ

- ❖ अपांगता भएका व्यक्ति हरुको परिचयपत्र वितरण, महिला हिँसा न्यूनीकरण, स्थानीय बाल संरक्षणकोष स्थापना, व्यक्तिगत घटना दर्ता तथा बयोवृद्ध तथा अशक्त हरुको लागि सामाजिक सुरक्षा प्राप्तिमा सहजीकरण गर्ने जस्ता विभिन्न कार्यक्रमहरु सामाजिक विकास शाखा बाट संचालन हुने गरि रु. ४५ लाख विनियोजन गरेकी छु।
- ❖ युवाहरुका लागि खेलकुद कार्यक्रमको लागि रु. १० लाख विनियोजन गरेकीछु।

## ९. राहत उद्दार तथा पुनर्स्थापना

- ❖ गाउँपालिकाको मुख्य आयश्रोतको रुपमा रहेको यार्सागुम्बा तथा अन्य जडिबुटी संकलकहरु लक्षित यार्सासंकल जीवन विमा कार्यक्रम को लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

- ❖ दैनिक जीवन निर्वाह गर्न कठिन भएका संरक्षण विहिन, जेष्ठ नागरिक, घरवार विहिन व्यक्ति वा परिवार र संरक्षक वा अभिभावक नभएका अपाङहरुलाई आर्थिक सहायताका लागि आवश्यक बजेट व्यवस्थापन गरेकी छु ।
- ❖ दीर्घरोगहरु जस्तै मुटु ,मृगौला क्यान्सर पक्षघातको औषधि उपचार गर्न राहत स्वरूप रकम उपलब्ध गराउनका लागि आवश्यक  बजेट विनियोजन गरेकी छु ।

**१०. सुचना तथा सन्चारः**

- ❖ गाउँपालिकाको वडा नं १,३ र ४ मा पर्ने विद्यालय, स्वास्थ्य संस्था तथा गुम्बामा इन्टरनेट सेवा विस्तार को लागि रु. १५ लाख विनियोजन गरिएको छ ।
- ❖ हाल चालु आवस्थामा रहको इन्टरनेट सेवाहरुको निरन्तरता तथा स्तरोन्नतिको लागि पनि आवश्यक बजेट विनियोजन गरिएको छ ।